# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## विश्व प्रेस स्वतन्त्रता दिवसको शुभकामना सन्देश

विश्व प्रेस स्वतन्त्रता दिवसको यस गरिमामय अवसरमा सत्य, तथ्य र निष्पक्ष सूचना प्रवाहका माध्यमबाट समाजलाई सुसूचित बनाउन अहोरात्र खटिनुहुने सम्पूर्ण पत्रकार, सञ्चारकर्मी तथा प्रेस स्वतन्त्रताका अभियन्ताहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

लोकतन्त्रको सुदृढीकरण र नागरिकको अभिव्यक्ति स्वतन्त्रता रक्षाका निम्ति स्वतन्त्र प्रेसको भूमिका अपरिहार्य रहन्छ । व्यवसायिक मर्यादालाई आत्मसात गर्दै, निर्भिकताका साथ कलम चलाएर समाजको ऐनाका रुपमा उभिनुभएका सबै सञ्चारकर्मीहरुको साहस र समर्पणको उच्च कदर गर्दै आगामी दिनमा यहाँहरुको थप व्यवसायिक सफलता र सुरक्षाको कामना गर्दछु ।

एक सचेत र जीवन्त समाज निर्माणका लागि स्वतन्त्र प्रेसको भूमिका सधै अग्रणी रहन्छ । स्वतन्त्र प्रेस बिनाको लोकतन्त्र अधुरो हुन्छ । सत्य,तथ्य र निष्पक्ष सूचना प्रवाह गरी समाजलाई सुसूचित बनाउन अहोरात्र खटिने सञ्चारकर्मीहरुको साहस र समर्पणको उच्च कदर गर्दछु ।

आगामी दिनमा प्रेस जगत अझ बढी मर्यादित, सुरक्षित र सशक्त बन्दै जाओस् र सत्यको खोज गर्ने यहाँहरुको कलम कहिल्यै नरोकियोस् भन्ने कामना सहित पुनः विश्व प्रेस स्वतन्त्रता दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**२०८३ साल वैशाख २० गते, आइतबार**
**ने.सं. ११४६ बछलागा: द्वितीया**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**